# प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

### सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकका सम्बन्धमा उपसमितिको प्रतिवेदन

१. सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा (१) को उपदफा (१) मा रहेका "२०७५" भन्ने अंकहरुको सट्टा "२०७६" भन्ने अंकहरु राख्ने ।

२. विधेयकको दफा २ को,-

(१) खण्ड (ग) मा रहेको "सम्झनु पर्छ" भन्ने शव्दहरु पछाडि "र सो शब्दले त्यस्तो कार्य अन्य कुनै व्यक्तिलाई गर्न लगाउने व्यक्ति समेतलाई जनाउँछ" भन्ने वाक्यांश थप गर्ने।

(२) खण्ड (च)पछि देहायको खण्ड (छ)थपी खण्डक्रम मिलाउने ।

"(छ) "क्लाउड सेवा" भन्नाले वेब प्रविधिको माध्यमबाट प्रयोगकर्ताको माग बमोजिम क्लाउड कम्प्युटिङ्ग सेवा प्रदायकबाट प्राप्त हुने सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधार लगायतका सबै प्रकारका सेवा सम्झनुपर्छ ।"

(३) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपी खण्डक्रम मिलाउने ।

(ज)"डोमेन नाम" भन्नाले इन्टरनेटको माध्यमबाट वेबसाईटमा पहुँच पुऱ्याउनको लागि प्रदान गरिने वेबसाईटको ठेगाना सम्झनु पर्छ।

(४) खण्ड (फ) को उपखण्ड (३) मा रहेका "विद्युतीयपत्र (इमेल) को ठेगाना" भन्ने शव्दहरु पछि "अन्य कुनै विद्युतीय पहिचान" भन्ने शव्दहरु थप गर्ने ।

(५) खण्ड (भ) मा रहेको "अभ्यास" भन्ने शव्दको सट्टा "कार्य" भन्ने शव्द राख्ने ।

(६) खण्ड (म) मा रहेको "सुविधाक" भन्ने शव्दको सट्टा "सुविधा" भन्ने शव्द राख्ने ।

३. विधेयकको दफा ९ को उपदफा (१) मा रहेको "सूचना प्रणाली" भन्ने शव्दहरुका सट्टा "सूचना प्रविधि प्रणाली" भन्ने शव्दहरु राखी मिलाउने ।

४. विधेयकको दफा १४ को शिर्षक सहित ठाउँ ठाउँमा रहेको "दुराशययुक्त" भन्ने शव्दको सट्टा "प्रतिकूल प्रभाव पार्ने" भन्ने शव्द राख्ने ।

५. विधेयकको दफा १९ को सट्टा देहायको दफा १९ राख्नेः-

"१९. **नियन्त्रक सम्बन्धी व्यवस्था** : (१) प्रमाणीकरण निकायलाई इजाजतपत्र दिने काम समेतको लागि नेपाल सरकारले मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि वा सो सरहको कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सूचना प्रविधिको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्तिलाई नियन्त्रक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको नियन्त्रकको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(३) उपदफा (१) बमोजिम नियन्त्रक नियुक्त नगरेसम्म नेपाल सरकारले सम्बन्धित सेवा / समूहको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई नियन्त्रकको काम गर्न तोक्न सक्नेछ।

(४) नेपाल सरकारले नियन्त्रकको छुट्टै कार्यालय खोल्न सक्नेछ।"

६. विधेयकको दफा २४ को,-

(१)उपदफा (१) मा रहेको "दुई वर्ष" भन्ने शव्दहरुका सट्टा "एक वर्ष" भन्ने शव्दहरु राख्ने ।

(२)उपदफा (२) मा रहेको "छ महिना" भन्ने शव्दहरुको सट्टा "दुई महिना" भन्ने शव्दहरु राख्ने ।

(३)उपदफा (३) पछि देहायको उपदफा (४) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउने ।

"(४) उपदफा (३) बमोजिम नवीकरणगर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्दा दफा ३२ बमोजिमको कार्य सम्पादन परीक्षण प्रतिवेदन समेतलाई आधार लिन सकिनेछ ।"

७. विधेयकको दफा २६ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) यस ऐन बमोजिम नियन्त्रकले दिएको निर्देशनको उल्लङ्घन गरेमा ।"

८. विधेयकको दफा ३१ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरी उपदफाको क्रम मिलाउनेः-

"(२) उपदफा (१) बमोजिम जाँचवुझ गर्दा यो ऐन वा यस ऐन अन्तर्गत वनेको नियमको पालना भएको नदेखिएमा नियन्त्रकले त्यस्तो प्रमाणीकरण निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिन सक्नेछ।"

९. विधेयकको दफा ३९ को उपदफा (२) मा रहेका "एक महिना" भन्ने शव्दहरुको सट्टा "पन्ध्र दिन" भन्ने शव्दहरु राख्ने ।

१०. विधेयकको दफा ५० को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) राखी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(३) प्रदेश सरकार तथा स्थानीय तहले प्रदान गर्ने सार्वजनिक सेवाहरु विद्युतीय माध्यमको प्रयोग गरी वेवपोर्टल मार्फत प्रदान गर्न सक्नेछन्।"

(२) उपदफा (३) लाई उपदफा (४) कायम गरी देहाय बमोजिमको परिमार्जन गर्नेः-

"(४) उपदफा (२) र (३) बमोजिमका सेवाहरू नेपाल सरकारको केन्द्रीय वेबपोर्टल मार्फत एकिकृत रुपमा प्रदान गर्न मिल्ने गरी व्यवस्था गर्नु पर्नेछ।"

(३) विधेयको उपदफा (४) लाई उपदफा (५) कायम गरी उपदफाक्रम मिलाउने ।

११. विधेयकको दफा ५३ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (३) र (४) राखी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(३) सरकारी वा सार्वजनिक संस्था वा कुनै व्यक्तिले कुनै किसिमको वस्तु वा सेवा खरिद तथा बिक्रि गरेमा विद्युतीय माध्यमको प्रयोग गरी भुक्तानी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको भुक्तानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(२) उपदफा (३) लाई उपदफा (५)कायम गरी देहाय बमोजिमको परिमार्जन गर्ने ।

"(५) उपदफा (१), (२) र (३) बमोजिम विद्युतीय स्वरुप वा विद्युतीय सञ्चारमाध्यमको प्रयोग गरी भएको विद्युतीय प्रकाशन, अभिलेखिकरण, कारोवार तथा भुक्तानीले कानूनी मान्यता प्राप्त गर्नेछ ।"

१२. विधेयकको दफा ५६ को उपदफा (२) सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिम सञ्चालन हुने वेवसाइट सम्बन्धी न्यूनतम मापदण्ड तथा सञ्चालन विधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।"

१३. विधेयकको दफा ५८ को उपदफा (५) पछि देहायको उपदफा (६) राखी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(६) यो ऐन जारी हुँदाका वखत सञ्चालनमा रहेका डोमेन नामहरु यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन बमोजिम दर्ता गर्नु पर्नेछ ।"

१४. विधेयकको दफा ६४ को,-

(१) उपदफा (१) मा रहेका "स्वीकृत मापदण्डका" भन्ने शव्दहरुका सट्टा "मन्त्रालयले स्वीकृत गरेको मापदण्डको आधारमा" भन्ने शव्दहरु राख्ने ।

(२)उपदफा (२) झिकी उपदफाक्रम मिलाउने ।

१५. विधेयकको दफा ६५को सट्टा देहायको दफा ६५ राख्नेः-

"६५ **अनुमति नलिई उपकरणको प्रयोग गर्न नहुनेः** कसैले तोकिए बमोजिमका सूचना प्रविधि सम्बन्धी उपकरण अनुमति नलिई वा अनुमति लिएको अवधि भन्दा वढी अवधि प्रयोग गर्न वा अरु कसैलाई प्रयोगको लागि उपलब्ध गराउन हुँदैन ।"

१६. विधेयकको दफा ६७ उपदफा (४) मा रहेको "तीस दिनभित्र" भन्ने शव्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शव्दहरु राख्ने ।

१७. विधेयकको दफा ७५ को उपदफा (१) र (२) मा रहेको "वा गलत मनसाय राखी" भन्ने शव्दहरु झिक्ने।

१८. विधेयकको दफा ८० उपदफा (२) को खण्ड (क) मा रहेको "मानवीय तथा दैवी" भन्ने शव्दहरुका सट्टा "मानवीय, प्राकृतिक विपद् वा अन्य" भन्ने शव्दहरु राख्ने ।

१९. विधेयकको दफा ८१ को उपदफा (१) को खण्ड (क)सट्टा देहायको खण्ड (क) राख्नेः-

"(क) विद्युतीय प्रणाली संरक्षण तथा प्रतिरक्षाको लागि यस ऐन बमोजिमको कसूर मानिने कार्यमा प्रयोग हुन सक्ने कुनै सफ्टवेयर, विद्युतीय प्रणाली वा विद्युतीय उपकरणको सम्बन्धमा अध्ययन अनुसन्धान वा जानकारी दिने प्रयोजनको लागि प्रयोग हुने त्यस्तो कुनै सफ्टवेयर,विद्युतीय प्रणाली वा उपकरण"

२०. विधेयकको दफा ८२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) विद्युतीय प्रणाली सम्बन्धी अध्ययन तथा परीक्षण गर्ने प्रयोजनको लागि नियन्त्रकको कार्यालयमा एक विद्युतीय विधि विज्ञान प्रयोगशाला रहनेछ ।"

२१. विधेयकको दफा ८८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने ।

"(१) कसैले विद्युतीय माध्यमको प्रयोग गरी नागरिकहरुका वीच वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायीक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा बिभिन्न जात, जाती वा सम्प्रदाय वीचको सम्बन्ध खलल गर्नु वा गराउनु हुदैन ।"

२२. विधेयकको दफा ८९ को,-

(१) उपदफा (१)खण्ड (ग) मा रहेको "निजको" भन्ने शब्दको सट्टा "आफ्नो सूचना" भन्ने शव्दहरु राख्ने र सोही उपदफामा रहेको "सार्वजनिक निकाय" भने शब्दहरुको सट्टा "सम्बन्धित सार्वजनिक निकाय" भन्ने शव्दहरु थप गर्ने ।

(२) साविक प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राख्नेः-

"तर कुनै सूचना, तथ्याङ्क वा लिंकमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणले प्रचलित कानूनको उल्लघंन गरेमा वा कुनै गैरकानूनी कार्य गर्न दुरुत्साहन वा सहयोग गरेमा सेवा प्रदायक त्यस्तो दायित्वबाट मुक्त हुने छैन ।"

२३. विधेयकको दफा ९४ को उपदफा (१) को खण्ड (ग) मा रहेको "व्यक्तिलाई" भन्ने शव्द पछि "निरन्तर" भन्ने शव्द थप गर्ने र सोही खण्डको "हप्काउने" भन्ने शव्दपछि "धम्काउने" भन्ने शव्द थप गरी मिलाउने।

२४. विधेयकको दफा ९५ को खण्ड (न) झिकि खण्डक्रम मिलाउने ।

२५. विधेयकको दफा ९६ को,-

(१) उपदफा (३) मा रहेका "एक वर्षसम्म" भन्ने शव्दहरुका सट्टा "तीन वर्षसम्म" भन्ने शव्द थप गर्ने ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा ४ राख्नेः-

"(४) दफा १५ को कसूरमा कसुरदारलाई विगो खुलेकोमा विगो बमोजिमको जरिवाना र विगो नखुलेकोमा कसूरको मात्रा हेरी एक लाख रुपैंयासम्म जरिवाना हुनेछ ।"

(३) उपदफा (१२) मा रहेका "एक लाख रुपैयाँसम्म" भन्ने शव्दहरुका सट्टा "तीन लाख रुपैयाँसम्म" भन्ने शव्दहरु राख्ने ।

(४) उपदफा (१३) मा रहेका "एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ" भन्ने शव्दहरुका सट्टा "एक लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्ता उपकरणहरु जफत गरिनेछ" भन्ने शव्दहरु राख्ने।

(५) उपदफा (१६) मा रहेका "दश लाख रुपैयाँसम्म जरिवाना" भन्ने शव्दहरु पछि "वा एक वर्षसम्म कैद वा दुवै सजाय" भन्ने शव्दहरु थप गर्ने ।

(६) उपदफा (२३) मा रहेका "दशलाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद" भन्ने शव्दहरुका सट्टा "पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिना सम्म कैद" भन्ने शव्दहरु राख्ने ।

(७) उपदफा (२५) मा रहेका "तीस हजार रुपैयाँसम्म" भन्ने शव्दहरुका सट्टा "दुई लाख रुपैयाँसम्म" भन्ने शव्दहरु राख्ने ।

(८) उपदफा (२८) को सट्टामा देहायको उपदफा (२८) राख्नेः-

"(२९) दफा ८८ को उपदफा (१) को कसूरमा कसुरदारलाई पाँच बर्ष सम्म कैद र पन्ध्र लाख रुपैंयासम्म जरिवाना हुनेछ ।"

(९) उपदफा (३०) को सट्टामा देहायको उपदफा (३०) राख्नेः-

"(३०) दफा ९४ को उपदफा (१) को खण्ड (क) बमोजिमको कसूरमा कसुरदारलाई पाँच बर्ष सम्म कैद र पन्ध्र लाख रुपैंयासम्म जरिवाना हुनेछ ।"

(१०) उपदफा (३१) मा रहेका "खण्ड (ख), (ग), (घ) वा (ङ)" भन्ने शव्दहरुका सट्टा " खण्ड (ख), (ग), (घ), (ङ) वा (च)" भन्ने शव्दहरु राख्ने ।

(११) उपदफा (३२) मा रहेका "उपदफा (३)" भन्ने शव्दहरुका सट्टा "उपदफा (२)" भन्ने शव्द राख्ने।

२६. विधेयकको दफा ९७ को दफा शिर्षकमा रहेको "कसूर गर्न दुरुत्साहन" भन्ने शब्दहरुको सट्टा "दुरुत्साहन गर्न नहुने" भन्ने शव्दहरु राख्ने।

२७. विधेयकको दफा ११० मा रहेको "यथास्थितमा" भन्ने शव्दको सट्टा "यथास्थितिमा" भन्ने शव्द राख्ने ।

२८. विधेयकको दफा ११२ मा रहेको "रियल टायम" भन्ने शव्दलाई कोष्ठभित्र राख्ने।

२९. विधेयकको दफा ११५ को सट्टा देहायको दफा ११५ राख्नेः

"**११५. <u>सूचना प्रविधि अदालतको गठन:</u>**(१) यस ऐन बमोजिम मुद्दाको शुरु, कारवाही र किनारा गर्न नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रत्येक प्रदेशमा सूचना प्रविधि अदालत गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रविधि अदालतमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्ः–

(क) नेपाल सरकारले तोकेको जिल्लाको जिल्ला न्यायाधीश –अध्यक्ष

(ख) दफा ११६ बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सूचना प्रविधि र वाणिज्य क्षेत्रको एक एक जना प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित नेपाल सरकारले तोकेका दुईजना –सदस्य

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले जिल्ला न्यायाधीशलाई अदालतको अध्यक्ष तोक्नु अघि न्याय परिषद्को परामर्श लिनु पर्नेछ।"

(४) सूचना प्रविधि अदालतको अधिकारक्षेत्रको प्रयोग तीनै सदस्यले सामूहिक रूपले गर्नेछन् ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र अर्को एक जना सदस्य उपस्थिति भएमा मुद्दाको कारवाई र किनारा गर्न सकिनेछ । अध्यक्ष बाहेक अरू दुईजना सदस्यको उपस्थितिमा मुद्दाको फैसला गर्न वा अन्तिम आदेश दिन बाहेक अरू कारवाही गर्न सकिनेछ ।

(६) अदालतको अधिकार क्षेत्रको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अदालतको गठन नभएसम्मको लागि यस ऐन बमोजिमको मुद्दाको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।"

३०. विधेयकको दफा ११६ को उपदफा (१) झिकी त्यसपछिको उपदफाक्रम मिलाउने ।

३१. विधेयकको दफा ११७ को ठाउँ ठाउँमा रहेको "अध्यक्ष्य" भन्ने शब्दको सट्टा "अध्यक्ष" भन्ने शव्द राख्ने ।

३२. विधेयकको दफा १२० को सट्टा देहायको दफा १२० राख्नेः-

"१२०. <u>**राष्ट्रिय सूचना प्रविधि केन्द्रः**</u> सरकारी डाटा केन्द्र, नेटवर्क र इमेल सञ्चालन गर्न एक राष्ट्रिय सूचना प्रविधि केन्द्र रहनेछ ।"

३३. विधेयकको दफा १२१ को उपदफा (२) को,-

(१) खण्ड (ग) मा रहेको "सह-सचि" भन्ने शव्दको सट्टा "सह-सचिव" भन्ने शव्द राख्ने ।

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि वा सो सरहको कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा कार्यरत विशेषज्ञहरुमध्येबाट वा सूचना प्रविधिसँग सम्बन्धित संघ, संस्थाबाट नेपाल सरकारले मनोनीत गरेको कम्तिमा एक जना महिला सहित दुई जना -सदस्य"

३४. विधेयकको दफा १२२ को "खण्ड (ङ)" झिकी खण्डक्रम मिलाउने।

३५. विधेयकको दफा १२३ को,-

(१) उपदफा (१) मा रहेको "सूचना प्रविधिको क्षेत्रमा" भन्ने शब्दहरु पछि "स्नातकोत्तर उपाधि प्राप्त गरेको र" भन्ने शव्दहरु थप्ने ।

(२) उपदफा (३) रहेको "खराव आचारण भएमा" भन्ने शब्दहरु पछि ", पदीय जिम्मेवारी अनुरुपको कार्य नगरेमा" भन्ने शव्दहरु थप्ने।

(३) उपदफा (४) मा रहेको "योग्यता" भन्ने शब्द झिक्ने ।

३६. विधेयकको दफा १२४ को,-

(१) उपदफा (१) को खण्ड (ख) र उपदफा (३) मा रहेको "वा व्यक्ति" भन्ने शब्द झिक्ने।

(२) उपदफा (४) मा रहेको "कोषको सञ्चालन" भन्ने शब्दहरु पछि "सम्बन्धी अन्य व्यवस्था" भन्ने शब्दहरु थप गर्ने ।